CIVIC ACTION TEAMS

# FAIR FACTS

ELECTION EDITION


अंक
१२४
०३।०२।२०७९




## धनगढीको त्रिनगर मतदान केन्द्रमा मतदानको लागि जाँदै एक बृद्धा ।

*तस्विर: गंगा भण्डारी*

स्थानीय तह २०७९
मतगणना प्रगतिको विवरण




स्थानीय तह निर्वाचन, २०७९ को मत परिणाम सार्वजनिक हुँदै । व्यवस्थापनमा ध्यान नपुऱ्याउँदा मतगणनामा ढिलाई भएको आम बुझाइ ।

*ताजा परिणाम हेर्न यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**निर्वाचन आयोगले आचारसंहिता उलंघन गरेको भनेर थुप्रै राजनीतिक दल तथा नेतृत्वलाई स्पष्टिकरण सोधेको समाचार मात्र आउँछ ।**

स्पष्ट नीति नभएकोले पनि आचारसंहिता उलंघन गर्नेलाई कारवाही गरिहाल्ने आधार नभएको हो ।

---

**धेरै मतदाता भएको ठाउँमा नतिजा आउन १ महिना लाग्छ पनि भन्छन् ।**

निर्वाचन आयोगले ढिलाई भएको ठाउँमा नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारीहरूलाई मतगणना कार्यमा प्राथमिकताकासाथ खटाउन आग्रह गरेको छ ।

---

**परिवर्तनको आशाले हरेक निर्वाचनमा उत्साही हुन्छु।**

अहिलेको निर्वाचनमा युवाको सक्रिय सहभागिताले देशमा परिवर्तन आउनेमा विश्वस्त छुँ ।

# फ्याक्ट सिट

## मतदाता शिक्षामा निर्वाचन आयोगको निराशाजनक लगानी

**स्थानीय तह निर्वाचन, २०७४**

निर्वाचन आयोगले छुट्याएको बजेट

रु. ८ अर्ब १४ करोड

मतदाता शिक्षामा छुट्याएको बजेट

रु. ८० करोड ६० लाख

बदर मत

३.१८%

**स्थानीय तह निर्वाचन, २०७९**

निर्वाचन आयोगले छुट्याएको बजेट

रु. ८ अर्ब ९५ करोड

मतदाता शिक्षामा छुट्याएको बजेट

रु. २४ करोड १७ लाख

बदर मत

?

निर्वाचन आयोगले महंगी बढेको, कर्मचारीको तलबमा बृद्धी भएको, मतदाताको संख्या बढे अनुसारको मानव स्रोतसाधनको आवश्यकता पर्ने लगाएतका कारण देखाउँदै यस पटकको स्थानीय तह निर्वाचनको लागि अघिल्लो स्थानीय तह निर्वाचन भन्दा रु. ८० करोड बढी बजेट सरकारसँग माग गरेको छ । तर, यस पटक मतदाता शिक्षाको लागि निर्वाचन आयोगले छुट्याएको रकम भने स्थानीय तह निर्वाचन, २०७४ भन्दा तिन गुणले कम छ । जबकी मतदाता शिक्षाको कमी र अन्य कारणले अघिल्लो निर्वाचनमै ३.१८% मत बदर भएको थियो । प्रजातान्त्रिक अभ्यासमा नागरिक सहभागि हुने प्रकृयामा नागरिकको मत बदर हुनु आफैमा गम्भिर त्रुटी हो । त्यसकारण पनि निर्वाचन आयोगले मतदाता शिक्षालाई नजरअन्दाज गर्नु नागरिकको मताधिकारको हनन् गर्नु हो ।

स्रोत : निर्वाचन आयोग

# हल्ला र तथ्य

निर्वाचन आयोगले आचारसंहिता उलंघन गरेको भनेर थुप्रै राजनीतिक दल तथा नेतृत्वलाई स्पष्टिकरण सोधेका समाचार मात्र आउँछन् । तर, कारवाहीको त कुरै आउँदैनन नी ?

निर्वाचन आयोगका अनुसार, उक्त स्पष्टिकरण आचारसंहिता उलंघन गर्नेलाई सचेत गराउन सोधिएको हो । स्पष्ट नीति नभएकोले आचारसंहिता उलंघन गर्नेलाई कारवाही गरिहाल्ने ठोस आधार छैन । उदाहरणको लागि, गोप्य मतदानमा मतसंकेत सहित फोटो खिच्नेलाई मतदान अधिकृतले तत्काल कारवाही गर्नसक्छ, तर कस्तो कारवाही भनेर स्पष्ट उल्लेख गरिएको छैन ।

Source: https://cutt.ly/4HndfJH

मतगणना गर्दा सबै उमेदवारका प्रतिनिधि सहभागि हुन्छन् रे । यसो हुँदा त धाधली हुने सम्भावना भईहाल्छ नी ।

मतगणना निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले मात्र गर्दछन् । त्यसरी मतगणना गर्दा उमेदवार वा निजको प्रतिनिधिलाई देखाउनु भने पर्दछ । तर, कुनै पनि अवस्थामा मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन । उक्त प्रयोजनको लागि उमेदवार वा निजको प्रतिनिधिलाई मतगणना गर्ने स्थानमा मतपत्र देखिने गरी अलग्गै बस्ने व्यवस्था मिलाउनु पर्दछ ।

Source: https://cutt.ly/HHbVQD1

मतदाता भएको ठाउँमा नतिजा आउन १ महिना लाग्छ पनि भन्छन् ।

उमेदवार संख्या धेरै भएकाले र मतगणनामा खटिने जनशक्ति सिमित भएकाले मतगणनामा ढिलाई भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन आयोगले जेठ ५ गते सम्ममा मतगणना कार्य सम्पन्न गर्ने पूर्व योजना तय गरेको थियो, तर हालको स्थीति हेर्दा त्यो सम्भव देखिदैन । जनगुनासोलाई मध्यनजर गर्दै आयोगले गणना ढिलाई भएको ठाउँमा नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारीहरूलाई मतगणना कार्यमा प्राथमिकताकासाथ खटाउन आग्रह गरेको छ ।

Source: https://cutt.ly/OHntgUh

## परिवर्तनको आशाले हरेक निर्वाचनमा मतदान गर्न उत्साही हुन्छु

म २००४ सालमा नेपालगञ्जमा जन्मिएँ । २४ वर्षको उमेरमा पहिलो पटक निर्वाचनमा सहभागी भएँ । हालसम्म जिवनभरमा मैले ११ भन्दा बढि निर्वाचनमा मतदान गरेँ । निर्वाचनमा आम नागरिकको भुमिका स्वच्छ र विकास प्रेमीलाई जिताउनु हो, तर त्यसको अनुभुती मैले आफु सहभागी भएको पहिलो निर्वाचन देखि नै गर्न पाएको छैन । पहिलो पटक निर्वाचनमा सहभागी हुँदा दलहरू हुदैनथे । समाजमा आर्थिकरूपमा सम्पन्न र समाजका ठुला व्यक्तिहरु स्वतन्त्र उम्मेदवार हुने गर्दथे । आम नागरिकको उम्मेदवारी बिरलै देखिन्थ्यो । यदि कसैले उमेदवारी दियो भने पनि दबाउने प्रयास गरिन्थ्यो ।

पञ्चायतकाल सम्म पनि निर्वाचनमा आमनागरिकको सहभागिता केवल प्रकृया पुरा गर्ने जस्तो मात्रै देखिन्थ्यो । राजसंस्थाबाट आशिर्वाद प्राप्तहरूले मात्र उम्मेदवारी दिने गर्दथे । निर्वाचन भनेको आम नागरिकको सहभागीतामा राम्रो व्यक्तिलाई छनौट गर्नु हो, तर त्यो बिगतमा पनि भएन र अहिले पनि भएको देखिदैन । निर्वाचन परिवर्तनका लागि हो, निर्वाचनबाट आमनागरिकको स्वतन्त्रता सुनिश्चित हुन अति आवश्यक छ ।

करिव दुई दशक जनप्रतिनिधि विहिनको अवस्थामा जनताले बिभिन्न सास्तीहरूको सामाना गर्नु पर्‍यो । नेपालमा लोकतन्त्रको आगमनसँगै देशमा निर्वाचन भयो । केही क्षेत्रमा परिवर्तनहरू नदेखिएको होईन, तर त्यो सिमित क्षेत्रका लागि मात्र भयो ।

> **जहाँ बढि दलिय व्यक्तिको पहुँच, त्यहीं विकास हुने दृष्टान्तले लोकतन्त्रको नाममा दलिय शासन हाबी भएको देखियो।**



एउटा नागरिकले हिजो पनि स्वतन्त्र भएर बाच्न पाएन, आज पनि पाएको छैन । लोकतन्त्र स्थापना पछिको निर्वाचनले आम नागरिकमा आशा पलाएको थियो, तर अपेक्षा अनुसार त्यसको अनुभुति गर्न पाईएको छैन । निर्वाचनमा स्वतन्त्र भएर मतदान गर्नेको संख्या औँलामा हिसाब गर्न सकिन्छ । यहाँ देश भन्दा दल अगाडी छ । मतदाताले पनि असल प्रतिनिधि छान्ने भन्दा पनि दल प्रतिको आस्थालाई प्राथमिकतामा राख्दा आशातित परिवर्तन हुन सकेको छैन ।

विस्तारै युवा पिढि पनि राजनीति प्रति सचेत भईरहेको छ । यो पिढिबाट परिवर्तनको ठुलो आशा छ । पविर्तनको उत्कट चाहले नै होला हरेक पटन निर्वाचनले उत्साहित बनाउँछ । २०७४ सालको निर्वाचन भन्दा अहिलेको निर्वाचनमा युवाको सक्रिय सहभागिताले देशमा परिवर्तन आउँछ भन्नेमा बिश्वस्त छुँ ।

**सनत रेग्मी**
साहित्यकार

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** एउटा खुला मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरूलाई जोड्ने काम गर्दछ र यसले निर्वाचन सम्बन्धि भ्रामक तथा मिथ्या समाचारका तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दछ । अहिलेको निर्वाचनमा आम नागरिकलाई निर्वाचन प्रकृया, नागरिक सहभागिता र उमेदवारको बारेमा छिटो र भरपर्दो जानकारी आवश्यक पर्दछ । फेयर फ्याक्ट्सको माध्यमबाट हामी निर्वाचनलाई निष्पक्ष र समावेशी बनाउन आम नागरिकका आवाज र जिज्ञासाको सम्बोधन गर्दै परिवर्तनकारी समाज निर्माण गर्न चाहन्छौं । निर्वाचन भनेको मतदान मात्र होईन, यो भनेको लोकतान्त्रिक अभ्यासमा नागरिक सहभागिता र स्वतन्त्रताको विषय पनि हो । त्यसैले, लोकतन्त्रलाई बलियो बनाउन हामी तथ्यपरक सूचना प्रवाह गर्दै समुदाय पनि निर्माण गर्छौं ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिष्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@accountlabnp

@accountlabnp

@accountlabnp

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219